# नेपाल सरकार
## शिक्षक सेवा आयोग
## प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा (सामान्य) - २०८०

**तह : प्राथमिक** | **सेट : C**

**समय : १ घण्टा** | **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ५०**

## वस्तुगत प्रश्नपत्र

उम्मेदवारले यस प्रश्नपत्रको दायाँतर्फ दिइएको सेट (A, B, C वा D) लाई वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिका (OMR Sheet) को निर्दिष्ट स्थानमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । सो उल्लेख नगरेमा वा सो बाहेकका अन्य सङ्केत लेखेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै, सही उत्तरलाई वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिकाको निर्दिष्ट कोठा (A, B, C वा D मध्ये कुनै एक) मा कालो मसीले भर्नु पर्नेछ । गलत उत्तर लेखेमा प्रत्येक उत्तर बापत बीस प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

**१.** शिक्षा ऐन, २०२८ को उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ हटाउन कसले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्ने व्यवस्था गरिएको छ ?

A. नेपाल सरकार
B. संघीय संसद
C. सर्वोच्च अदालत
D. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**२.** बहुविश्वविद्यालयको अवधारणा सर्वप्रथम शिक्षा सम्बन्धी कुन आयोगको प्रतिवेदनले सिफारिस गरेको थियो ?

A. शाही उच्च शिक्षा आयोगको प्रतिवेदन, २०४०
B. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५
C. शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समितिको प्रतिवेदन, २०५८
D. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

**३.** "विद्यार्थी एक पुस्तक हो जसको पाना पाना शिक्षकले पढ्नु पर्छ ।" यो भनाइ तलका मध्ये कसको हो ?

A. रुसो
B. प्लेटो
C. अरस्तु
D. क्रो एन्ड क्रो

**४.** उत्तर बाल्यावस्थामा बालबालिकाहरूले सामाजिकीकरणका लागि अवलम्बन गर्ने तरिका कुन हो ?

A. अनुकरण गर्ने
B. साथी समूहबाट प्रभावित हुने

C. सामाजिक कार्य गर्ने
D. आदेश पालना गर्ने

**५.** ग्याङ्ग उमेर (Gang age) भनेर तलका मध्ये कुन उमेर अवधिलाई चिनिन्छ ?

A. पूर्व बाल्यावस्था
B. युवावस्था
C. उत्तरबाल्यावस्था
D. यौवनावस्था

**६.** शारीरिक तथा मानसिक रूपमा स्वस्थ तथा सिकाइमा कुनै पनि कठिनाइ नभएको बालकको सिकाइको लागि आवश्यक पर्ने महत्वपूर्ण पक्ष तलका मध्ये कुन हो ?

A. परिपक्वता
B. लैङ्गिकता
C. सिकाइ वातावरण
D. वृद्धि

**७.** कक्षाकोठामा विद्यार्थीलाई उत्प्रेरित गराउनका लागि शिक्षकले विशेष ध्यान पुऱ्याउनु पर्ने पक्ष कुन हो ?

A. पाठयोजना
B. विद्यार्थीको पारिवारिक अवस्था
C. विद्यार्थीको रुचि
D. बसाइ व्यवस्था

**८.** कुनै बालकले साइकल चलाउन जान्नुले तलका मध्ये कुन पक्षसँग बढी तादात्म्यता राख्छ ?

A. सिकाइ
B. परिपक्वता र सिकाइ
C. परिपक्वता
D. सिकाइको पूर्णता

**९.** स्वाभाविक उत्तेजनामा झैँ अस्वाभाविक उत्तेजनामा पनि स्वाभाविक प्रतिक्रिया देखाउन सक्ने बनाउनु कुन सिकाइ सिद्धान्तसँग सम्बन्धित छ ?

A. Operant Conditioning Theory
B. Trial & Error Learning Theory
C. Classical Conditioning Theory
D. Insightful Learning Theory

**१०.** राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार सिर्जनात्मक सोचको विकास कुन तहको शिक्षाको सक्षमता हो ?

A. प्रारम्भिक बाल विकास र शिक्षा
B. आधारभूत शिक्षा (कक्षा १-३)
C. आधारभूत शिक्षा (कक्षा ४-५)
D. आधारभूत शिक्षा (कक्षा ६-८)

**११.** कक्षामा छिटो सिक्ने, ढिलो सिक्ने तथा सिकाइ समस्या भएका विद्यार्थी पनि हुन्छन् । सिकाइ समस्या भएका विद्यार्थीहरूको लागि प्रदान गरिने सहयोग अर्थात् Scaffolding कुन पक्षसँग सम्बन्धित छ ?

A. अभिभावकको सहयोग
B. शिक्षकको निरन्तर पृष्ठपोषण
C. दौतरी सिकाइ
D. अभिभावक शिक्षक सहयोग

**१२.** आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम अनुसार पाठ्यक्रमको समग्र संरचनामा 'हाम्रो सेरोफेरो' विषयको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको कुन ढाँचा अन्तर्गत राखिएको छ ?

A. Multidisciplinary
B. Transdisciplinary
C. Interdisciplinary
D. Disciplinary

**१३.** शिक्षकले शिक्षणको लागि तलका मध्ये कस्तो सामग्री प्रयोग गर्न जोड दिनुपर्छ ?

A. मूल्य नपर्ने
B. कम मूल्य पर्ने
C. शिक्षक विद्यार्थीले बनाएका
D. बजारमा पाइने

**१४.** पाठ्यपुस्तकमा रहेका विषयवस्तुलाई वास्तविक संसारसँग सिकाइको तादात्म्यता कायम गर्न कुन शिक्षण विधि बढी प्रभावकारी मानिन्छ ?

A. समस्या समाधानमा आधारित विधि
B. समूह सिकाइ
C. घटना अध्ययन विधि
D. परियोजनामा आधारित सिकाइ

**१५.** विद्यार्थीहरूको लेखाइ सम्बन्धी क्षमता परीक्षणका लागि प्रयोग गरिने परीक्षण विधि कुन हो ?

A. द्रुत लेखन प्रतियोगिता
B. सुनाइको आधारमा लेखन
C. लामो उत्तरात्मक प्रश्नमा लेखन
D. छोटो उत्तरात्मक प्रश्नमा लेखन

**१६.** सूर्यबाट ग्रहसम्मको दूरीको आधारमा नजिकदेखि टाढासम्मको क्रम मिलाउँदा तलका मध्ये कुन चाहिँ क्रम सही छ ?

A. पृथ्वी, बृहस्पति, मङ्गल, शनि
B. पृथ्वी, मङ्गल, शनि, बृहस्पति
C. पृथ्वी, बृहस्पति, शनि, मङ्गल
D. पृथ्वी, मङ्गल, बृहस्पति, शनि

**१७.** पृथ्वी आफ्नो अक्षमा कति डिग्रीको कोणमा झुकेको छ ?

A. ६६.१°
B. ६६.२°
C. ६६.३°
D. ६६.४°

**१८.** नेपालको प्रामाणिक समय कति डिग्री देशान्तरका आधारमा निर्धारण गरिएको छ ?

A. ८६° ०५' पूर्वी देशान्तर
B. ८६° १०' पूर्वी देशान्तर
C. ८६° १५' पूर्वी देशान्तर
D. ८६° २०' पूर्वी देशान्तर

**१९.** नेपालको १२०० मिटरदेखि २१०० मिटरसम्मको उचाइमा पाइने जङ्गललाई के नामले चिनिन्छ ?

A. समशीतोष्ण पतझड जङ्गल
B. समशीतोष्ण सदाबहार कोणधारी जङ्गल
C. उष्ण प्रदेशीय सदाबहार जङ्गल
D. अल्पाइन घाँसे जङ्गल

**२०.** शे-फोक्सुण्डो ताल समुद्र सतहदेखि कति उचाइमा रहेको छ ?

A. ११९४९ फिट
B. ११७४९ फिट
C. ११८४९ फिट
D. ११६४९ फिट

**२१.** हाल रानीपोखरीको बीचमा रहेको बाल गोपालेश्वरको मन्दिर कुन शैलीमा निर्माण गरिएको छ ?

A. प्यागोडा शैली
B. ग्रन्थकुट शैली
C. शिखर शैली
D. स्तुप शैली

**२२.** वि.सं. २०७८ को जनगणना अनुसार नेपालको महिला साक्षरता दर कति रहेको छ ?

A. ७६.२५%
B. ७५.२%
C. ५७.४%
D. ६९.३७%

**२३.** बसाइसराइको आकर्षक तत्त्व (Pull Factor) तलका मध्ये कुन हो ?

A. बेरोजगारी
B. औद्योगिकीकरण
C. गरीबी
D. प्राकृतिक प्रकोप

**२४.** चालू पन्ध्रौँ योजनाले माध्यमिक शिक्षाको खुद भर्नादर कति पुऱ्याउने लक्ष्य लिएको छ ?

A. ६१%
B. ६३%
C. ६५%
D. ६७%

**२५.** पाउभा चित्रलाई अर्को कुन नामले चिनिन्छ ?

A. पौभा चित्र
B. ग्रन्थ चित्र
C. भित्ते चित्र
D. माथिका सबै

**२६.** कम्प्युटरमा कुन गणितीय प्रणालीको प्रयोग हुन्छ ?

A. रोमन प्रणाली
B. डेसिमल प्रणाली
C. क्वीनरी प्रणाली
D. बाइनरी प्रणाली

**२७.** सार्कको सबैभन्दा पछिल्लो सदस्य राष्ट्र कुन हो ?

A. चीन
B. पाकिस्तान
C. अफगानिस्तान
D. म्यानमार

**२८.** BIMSTEC को स्थापना मुख्यतया तलका मध्ये कुन क्षेत्रमा सहयोग र विकास प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको हो ?

A. आर्थिक र सामाजिक
B. आर्थिक र प्राविधिक
C. विज्ञान र प्रविधि
D. प्राविधिक र सांस्कृतिक

**२९.** ICC अन्तर्राष्ट्रिय क्रिकेट म्याचमा एकै खेलमा सम्पूर्ण दश विकेट लिएर विश्व कीर्तिमान कायम गर्ने खेलाडी कुन देशका को हुन् ?

A. मोइन अली, बेलायत
B. इमरान खान, पाकिस्तान
C. असिफ करीम, केन्या
D. महबूब आलम, नेपाल

**३०.** बेलायतको प्रसिद्ध अक्सफोर्ड विश्वविद्यालयबाट महाविद्यावारिधिको उपाधि प्राप्त गर्ने एकमात्र नेपाली नागरिक को हुन् ?

A. कुलचन्द्र गौतम
B. भेषबहादुर थापा
C. सूर्यप्रसाद सुवेदी
D. महावीर पुन

**३१.** शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने विषय नेपालको संविधानको कुन नीतिमा समावेश गरिएको छ ?

A. विकास सम्बन्धी नीति
B. सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति
C. सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति
D. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति

**३२.** शिक्षकले उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा कस्तो सजाय आकर्षित हुन्छ ?

A. कसुरको मात्रा हेरी एकलाख रूपियाँसम्म जरिवाना वा ६ महिना कैद वा दुवै
B. कसुरको मात्रा हेरी एकहजार देखि पच्चीस हजार रूपियाँसम्म जरिवाना
C. कसुरको मात्रा हेरी दुईलाख रूपियाँसम्म जरिवाना वा ६ महिना कैद वा दुवै
D. कसुरको मात्रा हेरी पचास हजार रूपियाँसम्म जरिवाना वा ६ महिना कैद वा दुवै

**३३.** शिक्षा नियमावली, २०५९ अनुसार शिक्षकले नोकरीको तमाम अवधिमा अधिकतम कति अवधिसम्म असाधारण बिदा लिन सक्ने व्यवस्था गरिएको छ ?

A. एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष
B. एकपटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्ष
C. एकै पटक वा पटक पटक गरी बढीमा पाँच वर्ष
D. एकपटकमा एक वर्षमा नबढाई बढीमा पाँच वर्ष

**३४.** शिक्षक पदपूर्ति गर्दा महिलाका लागि छुट्याइएको समावेशी पदको जम्मा सङ्ख्याको कति प्रतिशत पदमा मुस्लिम महिलाका लागि विज्ञापन गर्नुपर्ने हुन्छ ?

A. दुई प्रतिशत
B. तीन प्रतिशत
C. चार प्रतिशत
D. पाँच प्रतिशत

**३५.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन गर्ने जिम्मेवारी कसलाई तोकिएको छ ?

A. विद्यालय व्यवस्थापन समिति
B. शिक्षा विकास तथा समन्वय एकाइ
C. सम्बन्धित स्थानीय तह
D. प्रदेश शिक्षा विकास निर्देशनालय

**३६.** दिइएको शब्दहरूबाट अरू भन्दा फरक शब्द छान्नुहोस् ।

A. Perfect
B. Acceptable
C. Suitable
D. Fine

**३७.** तल दिइएका अक्षरहरूलाई मिलाउँदा अर्थपूर्ण शब्दहरू बन्छन् । यसरी बनेका शब्दहरूमध्ये अन्य शब्द भन्दा फरक शब्द कुन चाहिँ हो पत्ता लगाउनुहोस् ।

A. HTRAE
B. SUNEV
C. RETIPUJ
D. THGIN

**३८.** दिइएको क्रम अनुसार प्रश्न चिन्ह भएको ठाउँको लागि उपयुक्त विकल्प छान्नुहोस् ।

३, ६, १८, ३६, १०८, २१६, ...?

A. ५४०
B. ६४८
C. ७७२
D. ८६४

**३९.** तलका शब्दहरूलाई कसरी सही क्रमानुसार राख्न सकिन्छ विकल्पबाट रोज्नुहोस् ।

क) नतिजा, ख) प्रतीक्षा, ग) परीक्षा, घ) तत्परता, ङ) निर्णय

A. ग, क, घ, ख, ङ
B. ख, क, ग, घ, ङ
C. घ, ग, ख, क, ङ
D. ङ, ग, ख, क, घ

**४०.** एउटा कक्षामा छात्रहरूको सङ्ख्या छात्राको भन्दा तेब्बर बढी छ भने उक्त कक्षामा हुन नसक्ने विद्यार्थीहरूको सङ्ख्या तलका विकल्प मध्येबाट रोज्नुहोस् ।

A. ४८
B. ५०
C. ५२
D. ५६

**४१.** पूर्व परीक्षणद्वारा वैधता र विश्वसनीयता सुनिश्चित गरिने परीक्षाको प्रकार तलका मध्ये कुन हो ?

A. शिक्षक निर्मित परीक्षा
B. स्तरीकृत परीक्षा
C. लामो उत्तरात्मक परीक्षा
D. वस्तुगत परीक्षा

**४२.** भाषिक एवम् लैङ्गिक विविधता तथा अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासँग एउटै कोठामा राखी गरिने शिक्षण प्रबन्ध तलका मध्ये कुन हो ?

A. साधारण शिक्षा
B. विशेष शिक्षा
C. समावेशी शिक्षा
D. समता शिक्षा

**४३.** विद्यालय तहको सबैभन्दा तल्लो तहमा तलका मध्ये कुन प्रकारको शिक्षण बढी उपयुक्त हुन्छ ?

A. कक्षा शिक्षण
B. विषय शिक्षण

C. बहुकक्षा शिक्षण
D. बहुकक्षा बहुस्तर शिक्षण

**४४.** कार्यमूलक अनुसन्धानको क्रम कुन हो ?

A. Predict, Plan, Act, Reflect
B. Plan, Act, Observe, Reflect
C. Plan, Share, Observe, Reflect
D. Plan, Observe, Reflect, Apply

**४५.** शिक्षकको पेसागत विकासको प्रारूप, २०७२ अनुसार शिक्षक पेसागत विकासको उद्देश्य कुन हो ?

A. शिक्षक विज्ञता र उत्प्रेरणामा सुधार गर्नु
B. शिक्षक क्षमता र दक्षतामा सुधार ल्याउनु
C. शिक्षक क्षमता र विज्ञतामा सुधार ल्याउनु
D. शिक्षक दक्षता र उत्प्रेरणामा सुधार ल्याउनु

**४६.** तल दिइएका मध्ये कुन चाहिँ Unit लाई कम्प्युटरको मस्तिष्क (Brain) भनेर चिनिन्छ ?

A. Graphics Processing Unit
B. Central Processing Unit
C. Memory Unit
D. Control Unit

**४७.** कम्प्युटरमा सङ्गीत सुन्नको लागि तलका मध्ये कुन Device आवश्यक छ ?

A. Video Card
B. Data Card
C. Sound Card
D. Music Card

**४८.** देहायका मध्ये कुन सफ्टवेयरको प्रयोगबाट Audio Visual Presentation बनाउन सकिन्छ ?

A. MS Word
B. MS Excel
C. MS Access
D. MS Power Point

**४९.** परम्परागत शिक्षण पद्धति र आधुनिक शिक्षण पद्धति मिलाएर गरिने शिक्षणलाई के भनिन्छ ?

A. Distance Learning
B. Blended Learning
C. Synchronous Learning
D. Control Learning

**५०.** विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गर्नेलाई मुलुकी अपराध संहिता, २०७४ अनुसार कस्तो सजाय हुने व्यवस्था गरिएको छ ?

A. एक वर्षसम्म कैद वा एकलाख रूपियाँसम्म जरिवाना वा दुवै सजाय
B. दुई वर्षसम्म कैद वा बीस हजार रूपियाँसम्म जरिवाना वा दुवै सजाय
C. दुई वर्षसम्म कैद वा दुईलाख रूपियाँसम्म जरिवाना वा दुवै सजाय
D. तीनवर्षसम्म कैद वा तीनलाख रूपियाँसम्म जरिवाना वा दुवै सजाय

****